चन्द्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट
फोन नं.-०५५-५४०२००
मधेश प्रदेश,नेपाल ।

पत्र संख्याः- ०७९/०८०
चलानी नं.:- 9529

मितिः २०७९।१०।१२

## न्युनत्तम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने सम्बन्धी सूचना ।

प्रस्तुत सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) ले **"श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी रणनीति, २०७८"** मा भएका कार्यनीति र कार्यक्रम सञ्चालनका लागि चालु आ.व. २०७९/०८० को कार्ययोजना रहेकाले प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना कार्यान्वयनबाट सामाजिक र आर्थिक अवसरबाट बञ्चित महिला, आदिवासी, जनजाति, मधेशी, दलित, तथा अन्य सीमान्तकृत समुदाय लगायतलाई सामाजिक संरक्षण उपलब्ध गराउने उद्देश्य बमोजिम स्थानीय तहमा **"न्यूनत्तम रोजगार, नागरिकको अधिकार"** सम्बन्धी अभियान रहेकाले सोही उद्देश्य पूरा गर्न आगामी आ.व. २०८०/०८१ का लागि न्यूनत्तम रोजगारीमा आवद्ध हुन चाहने तथा सार्वजनिक विकास निर्माणका क्षेत्र लगायतमा काम गर्न इच्छुक १८ वर्ष देखि ५९ वर्ष उमेर समूहका बेरोजगार व्यक्तिहरुले स्थायी बसोवास रहेको वडा कार्यालयमा २०७९ फागुन मसान्त सम्म अनुसूची-१ अनुसारको निवेदन फाराम भरी सूचीकृत हुन तपसिल बमोजिमका कागजात सहित सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु हुन सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:

| | | |
|---|---|---|
| १. | निवेदकको नेपाली नागरिकताको प्रतिलिपि | १ थान |
| २. | पासपोर्ट साइजको फोटो | २ थान |
| ३. | नागरिकतामा स्थानीय तह फरक भएमा बसाइसराइको प्रमाणपत्रको प्रतिलिपि | १ थान |
| ४. | परिवारका सबै सदस्यहरुको नागरिकता/जन्मदर्ताको प्रतिलिपि | १ थान |
| ५. | वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको हकमा पासपोर्टको प्रतिलिपि | १ थान |

**नोटः** फाराममा उल्लिखित सम्पूर्ण विवरणहरु (परिवारका सदस्यहरुको समेत सबै विवरणहरु) अनिवार्य रुपमा भर्नु पर्नेछ । अधुरो भरि आएको फाराम मान्य हुने छैन । बेरोजगार सूचीकृत हुन दिने निवेदन वडा कार्यालय, स्थानीय तहमा रहेको रोजगार सेवा कार्यालय तथा चन्द्रपुर नगरपालिकाको वेवसाइट www.chandrapurmun.gov.np मा निःशुल्क प्राप्त गर्न सकिनेछ ।

.....................
(हरिलाल पुरी)
प्रमुख प्रशासकीय अधिकृत

हरि लाल पुरी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner